# १ पावलः गैर- यहुदीहरुको निम्ति प्रेरित

*__यस अध्यायको निम्ति पढ्नुहोस्:__* प्रेरित ६:९-१५, ९:१-९, १ सामूयल १६:७, मत्ती ७:१, प्रेरित ११:१९-२१, १५:१-५।

*__स्मरण गर्नुपर्ने पद:__* "जब तिनीहरूले त्यो वचनहरू सुने, तब तिनीहरूले गुनासो गर्न छोडे। तिनीहरूले परमेश्‍वरको प्रशंसा गरे। तिनीहरूले भने, 'अब हामीले यो बुझ्यौं, गैर-यहूदी अर्थात् अन्य जातीहरू पनि उनीहरूको पापबाट फर्कुन् र अर्थमूलक जीवन व्यतित गरून् भन्ने परमेश्‍वरको चाहना रहेछ।'" (प्रेरित ११:१८ रूपान्तरित)।

मानविय स्वभाव तथा धार्मिक दर्शनको आधारमा हेर्ने हो भने तार्ससका सावलले चालेको कदम अश्वाभाविक भन्न मिल्दैन। उनी त्यहि सावल थिए जो येशूलाई ग्रहण गरेपछि नयाँ जीवन पाएर प्रेरित पावलमा न्वारन गरिएर येशू पछिको महान् प्रचारक बने। येशूलाई ग्रहण गर्नुभन्दा पहिले उनी निष्ठावान यहूदी थिए। उनलाई यहूदी धर्मशास्त्रको बारेमा पूरा ज्ञान थियो। जीवनभरि व्यवस्थाको महत्त्व उनले सिकेका थिए। यहूदी धार्मिक रितिथिति र संस्कारमा उनी पोख्त अर्थात् ज्ञानमा परिपक्व थिए। इस्रायलीहरूलाई छिट्टै राजनैतिक स्वतन्त्रता दिने प्रावधान पुरानो करारको नितिमा भएकोले त्यसको प्रतिक्षामा उनी पनि थिए। यहूदीहरू पश्चिमी राष्ट्र रोमीहरूको अन्यायपूर्ण नियन्त्रणमा थिए। त्यस ताका धेरै झुट्टा मसिह तथा राजनैतिक नेताहरूले सापटी आश्वासन दिएर मानिसहरूलाई आफ्ना पक्षमा पारेका थिए। त्यसकारण जब येशू आउनुभयो र पावलले सिकेका र अपेक्षा गरेको अनुसार उहाँ नभएकोले उहाँलाई अपराधी तथा आतङ्ककारीको पङ्क्तिमा राखेर क्रुसको सजायँ दिनु पावलको निम्ति कुनै नौलो कुरा थिएन। रोमीहरूलाई नधपाई मसिह भनेर दावी गर्ने येशूलाई सुलीमा चढाउनु पावलले उचितै ठानेका थिए।

फेरि येशूका चेलाहरू पुरानो करार धर्मशास्त्र अर्थात् तोराहप्रति निष्ठावान नभएको पावलको विश्‍वास थियो। इस्रायलीहरूलाई रोमीहरूबाट स्वतन्त्र गर्ने परमेश्‍वरको योजनालाई तहसनहस पार्न

इसाईहरूले ठूलो भूमिका खेलिरहेका थिए भनेर उनको दावी थियो। त्यहि सन्दर्भमा क्रुसमा टाँगिएको येशू नै मसिह हुनुहुन्छ र उहाँ फेरि आउनुहुन्छ भनेर फैलाएको दावी झुठ्ठा हुन् भनेर पावलले ठोकुवा गरेका थिए। त्यसकारण येशूका चेलाहरूले फैलाएका भ्रमात्मक तथा मनगढन्ते तर्कहरूलाई ग्रहण गर्न परम्परावादी पावल राजी हुनसकेका थिएनन्। यहूदी धर्म रक्षा गर्ने नाउँमा र परमेश्वरकै धार्मिक दूत बनेर ती मनगढन्ते समाचार फैलाइ मानिसहरूलाई फसाउने इसाईहरूलाई सखाप पार्न पावलले निर्णय गरे। येशू नै मसिह हुन् भनेर विश्वास गर्ने यहूदीहरूलाई आतङ्कित बनाउन अग्रज भूमिका खेल्ने पावललाई बाइबलका पानाहरूमा येशूभक्तका ठूलो शत्रुको रूपमा चित्रण गरिएको पाइन्छ। (धर्मको रक्षा गर्ने निहुँमा अतिवादी भएर निरिह तथा सरल इसाईहरूलाई पावलले भयङ्कर यातना दिएका थिए। तिनीहरूलाई झ्यालखानामा राखी यहूदी समाजबाट सदाको निम्ति हटाउन पावलले भरमग्दुर प्रयास गरेको थियो)।

तर सावलप्रति परमेश्वरको योजना अर्कै थियो। त्यो योजना सावलले कहिलै पनि सोचेका थिएनन्। यहूदी धार्मिक नेता, पण्डित र आफ्नो धर्म रक्षा गर्ने खुँखार व्यक्तित्व येशूकै हातमा परेर परिवर्तित हुनेछ भन्ने कुरो सावलले सपनामै सोचेका थिएनन्। तर परमेश्वरले सावललाई नै येशू नै मसीह हुने भनेर प्रचार गर्ने महान् व्यक्तिको रूपमा चुन्नु भयो। फेरि अचम्मको कुरो त यो छ, त्यो प्रचार यहूदीहरूको माझमा मात्र नगरेर अन्य जाती, यहूदीहरूमा म्लेच्छ कहलाइने गैर-यहूदीहरूलाई गर्ने परमेश्वरले योजना बनाउनुभएको थियो अरे !

## १. इसाईहरूलाई खेदो र यातना दिने सावल (प्रेरित ६:९-१५)

टार्सस देशको सावलको नाउँ पहिलो पटक प्रेरितको पुस्तकमा देखापर्दछन्। जब चर्चको सामाजिक काममा नियुक्त भएको स्टिफनसलाई मार्न ढुँगा हानियो त्यसबेला सावल त्यस रक्तालु कार्यमा संलग्न भएको थियो (प्रेरित ७:५८)। यहूदीहरू आफ्नो धर्मलाई त्यागेर इसाई भएको थाहा पाएर यहूदी धर्मको रक्षाको निम्ति सावलले तिनीहरूलाई आतङ्कित बनाएको थियो (प्रेरित ८:१-५)। इसाईहरूलाई भएभित पार्ने सावल पछि गएर पत्रुस, स्टिफन, फिलिपले जस्तै प्रेरितको

पुस्तकमा महत्त्वपूर्ण भूमिका खेल्दछ। यहूदी जात र धर्मको दायरा भन्दा बाहिर गएर येशूको मुक्तिको सुसमाचार सुनाउन तिनीहरूले अग्रज भूमिका खेलेका थिए। येशूभक्त स्टिफनको प्रचार र मृत्युले टार्ससका पावललाई अत्यन्त गहिरो प्रभाव पार्दछ।

स्टिफन आफै पनि युनानी अर्थात् ग्रीक भाषा बोल्ने यहूदी थिए। सुरूमा नियुक्त गरिएका चर्चको डिकन अर्थात् आधिकारिक अगुवाहरूमा स्टिफन पनि पहिलो व्यक्ति (प्रेरित ६:३-६) थिए। बिदेशी यहूदीहरूको समूह येरुशलेममा बसोबास गर्न आएका थिए भनेर प्रेरितको पुस्तकमा उल्लेख गर्छ (प्रेरित ६:९)। येशूको बारेमा प्रचार गरिएकोले तिनीहरूले स्टिफनसँग बादबिवाद गरेका थिए। यस बिवादमा सावल पनि सामेल भएको भएको हुनसक्दछ।

प्रेरित ६:९-१५ अनुसार स्टिफनलाई कुन अभियोग लगाइएको थियो? उनमाथि लगाइएको दोषलाई कसको सम्झना गराउँदछ? (हेर्नुहोस् मत्ती २६:५९-६१)।

शायद दुई फरक कुराहरूले गर्दा स्टिफनको प्रचारप्रति घृणा गरेको हुनुपर्दछ। यहूदी धर्मको केन्द्रविन्दु मन्दिर र त्यसमा गरिने सम्पूर्ण संस्कार तथा रितिथितिहरूको औचित्य अब समाप्त भयो भनेर उनले तर्क गर्दा उनका सत्रुहरू उनीप्रति अत्यन्त रीसाएर उकुसमुकुस भएका थिए। यहूदी धर्मको मूल केन्द्रविन्दु क्रुसमा टाँगिएको र पुनरुत्थान हुनुभएको येशू नै हुन् भनेर कडापूर्वक स्टिफनले औँल्याएका थिए।

यसै कारण यहूदी धर्मको पण्डित फारिसी सावल स्टिफनप्रति अत्यन्त क्रुद्ध भएको थियो (फिलिप्पी ३:३-६)। प्रारम्भिक इसाईहरूको खिलाफमा उत्रने सावलको चरित्रलाई हेर्दा ऊ यहूदी धर्मको कट्टर तथा अतिवादी फारिसी पण्डितहरूमध्ये एक थियो भनेर देखाउँदछ। परमेश्वरको राज्यको बारेमा दिएको बाईबलका महान् भविष्यवाणीहरू अझसम्म पूरा भएको छैन भनेर सावल विश्वस्त थियो (दानियल २, जकरिया ८:२३, यशैया ४०-५५)। इस्रायलमा अधर्म तथा झुठ्ठा धर्महरूलाई सफा गरेर ती भविष्यवाणीहरूलाई पूरा गराउन परमेश्वरलाई मद्दत गर्ने आफ्नो काम पुण्यको भएको सावलले ठानेको हुनुपर्दछ। येशू नै मसिह हुनुहुन्छ भन्ने अगाडि सारेको तर्क सावलको

निम्ति अत्यन्त जघन्य आत्मिक अधर्मको उदाहरण बनेर खडा भएको थियो।

आफूमा भएको धार्मिक विवेक उचित थियो भनेर सावल अत्यन्त आस्वस्त भएको थियो। त्यसकारण त्यस “झुठो" धर्म फैलाउने येशूका अनुयायीहरूलाई मार्नै पर्छ भनेर सावल अत्यन्त उग्र बनेर तिनीहरूलाई सताएको थियो। निःसन्देह हामीले जे विश्वास गर्छौं त्यसमा रहिरहन अथक प्रयास गर्नुपर्दछ। तर धर्मको नाउँमा अन्याय गर्नुहुन्न भन्ने उचित विवेकमा रहन हामी किन चनाखो हुनुपर्दछ? हामीले विश्वास गरेकै कुरामात्र सत्य छ भन्ने हठमा चल्यो भने हामी पनि कस्तो गलत बाटोमा हिंड्न अग्रसर हुन सक्नेरहेछौं?

## २. सावलको आस्थामा आमूल परिवर्तन् (प्रेरित ९:५)

हुनतः सावलले येशूका भक्तहरूलाई आक्रमण गर्ने बानी खास महत्त्वपूर्ण कामबाट उनले सुरू गरेको थिएन। (जब स्टिफनको हत्या भएको थियो, त्यसबेला उसले केवल हत्याराहरूको लुगामात्र बोकेको थियो)। तर त्यसको लगत्तै येशूका अनुयायीहरूप्रति उल्लेखनिय रूपमा सावलले आक्रमण गर्न थाल्यो (प्रेरित ८:१-३, ९:१,२,१३,१४,२१ र २२:३-५ पढ्नुहोस्)। सावल जङ्गली पशु र आफ्ना सत्रुहरूलाई सत्यानाश गर्ने निष्ठुर सैनिक थियो भनेर विभिन्न शव्दहरू प्रयोग गरेर इसाईप्रति अपनाएको उसको आतङ्ककारी चरित्रलाई लुकाको पुस्तक प्रेरितमा चित्रण गर्दछ। प्रेरित ८:३मा उल्लेख गरिएको शव्द “संहार" अर्थात् "विद्वंस" गर्ने पुरानो करारको ग्रीक अर्थात् युनानीबाट आएको हो (भजन ८०:१३)। जंगली वँदेलले कसरी ध्वस्त गर्छ त्यसलाई व्याख्या गर्न यो शव्द प्रयोग गरिएको थियो। सावलले इसाईहरूप्रति जुन क्रुसेड अर्थात् ध्वस्त पार्ने उग्र निति लिएको थियो, त्यो केवल आदी मनले गरेको थिएन। इसाई आस्थालाई सखाप पार्ने र सदाको निम्ति नामनिशाना नै हटाइ दिने सावलको निर्णायक कदम चानचुने थिएन।

तर जघन्य पशुको स्वभाव लिएर इसाईहरूलाई सखाप पार्ने षडयन्त्र रचेर हिंड्ने सावल के भयो? उसको आस्थामा नाटकिय ढँगमा कसरी आमूल परिवर्तन भयो। त्यसको विवरण देहायका पदहरूमा पढ्नुहोस्: प्रेरित ९:१-१८: २२:६-२१, २६:१२-१९। यस अनुभवमा परमेश्वरको सदाशय र अनुग्रहले कस्तो भूमिका खेलेको हामी

पाउँछौं? स्पष्टमा भन्ने हो भने परमेश्वरको सदाशयता र भलाइ पाउन सावललाई कत्तिको सुहाउँछ?

मानव दिमागमा सावलको आमूल धार्मिक परिवर्तन असम्भव देखिन सक्छ। यसले गर्दा जब येशूका चेला तथा धेरैजसो अरू भक्तहरूले उनले येशूलाई ग्रहण गरे भन्ने समाचार सुने उनीहरूले हत्तपत्त विश्वासै गर्न सकेनन्। इसाईहरूलाई त्यस्तो आतङ्कित पार्ने जघन्य व्यक्ति केवल भारी सँजायको भागी हुनुपर्ने हो। तर परमेश्वरको योजना अर्कै थियो। त्यस अतिवादी र जिद्दिवाल यहूदी सावललाई सजायँ दिनुको सट्टा परमेश्वरले आफ्नो अपार अनुग्रह देखाइदिनुभयो। सावलको धर्म परिवर्तन बलजफ्ती उनको आत्मनिर्णयको विरुद्धमा भएको थिएन भनेर हामीले बुझ्नु अत्यन्त जरूरी छ। सावल कुनै नास्तिक व्यक्ति थिएन। ऊ धार्मिक प्रवृत्ति भएको मानिस थियो। तर परमेश्वरको बारेमा उनको अत्यन्त गलत धारणा थियो। येशूले आकाशवाणीबाट सावललाई सम्वोधन गर्नुभयो, "सावल सावल तिमीले मलाई किन यातना दिइरहेका छौ। चुच्चे लट्ठीलाई लातले हिर्काउन सजिलो छैन भन्ने कुरो के तिमीलाई थाहा छैन र? (प्रेरित २६:१४ रूपान्तरित)। परमेश्वरको आत्माले सावलको हृदयमा काम गरिरहेको थियो भन्ने तथ्य ती शव्दहरूले बुझाउँछन्। केहि समयदेखि परमेश्वरले सावललाई दिनुभएको चेतावनीलाई उसले वेवास्ता गरेको हुनसक्छ। तर आखिरमा सिरिया देशको डमस्कक राजधानीमा इसाईहरूलाई नाश गर्ने अनुमती पत्र लिएर गएको सावलको मुठभेट जीवित येशूसँग भयो र तब उहाँप्रति लड्न सदाको निम्ति त्याग्न निधो गरेको थियो।

तपाईंको आफ्नै धार्मिक परिवर्तनको अनुभवको वारेमा विश्लेषण गर्नुहोस्। हुनसक्छ पावलको जस्तो नाटकिय ढँगमा नभएको होला (प्रायजसो हुँदैन पनि)। तर कुन तरिकाहरूद्वारा तपाईंले परमेश्वरको अनुग्रह पाइरहनुभएको थियो? येशूद्वारा हामीले के पाइरहेकाछौं त्यसलाई हामीले किन कहिले पनि विर्सनुहुन्न?

## ३. सावल डमस्कसमा (१ कोरन्थी ४:५)

येशूसँगको मुठभेट भएको अनुवभमा सावल अन्धो भएको थियो। अनि येशूले नै उसलाई यहूदा नाम भएको आफ्नो भक्तकहाँ जानु भनेर भन्नु भएको थियो। त्यहाँ सावललाई अननियास भन्ने अर्को

व्यक्तिको प्रतिक्षामा रहनु भन्नुभएको थियो। त्यस पर्खाइको समयमा सावलले आत्मआलोचना गर्ने फुर्सद पाएको थियो। आफ्नो शारीरिक आँखाको अन्धोपनका कारण येशूका भक्तहरूलाई खेदो गर्दा आफू कसरी आत्मिक अन्धो भयो भन्ने आत्मज्ञान उनलाई भइरहेको थियो।

जब डमस्कसको बाटोमा येशू सावलकहाँ देखापर्नुभयो तब उसको जीवनमा आमूल परिवर्तन भएको थियो। सबै थोक परिवर्तन भयो। यहूदी धर्मको कट्टर संरक्षक भएर जे गरे सो ठिक्कै गरें भनेर उनले सोचेको थियो, अब उसलाई यो महशूस भयो कि उसको यो अभियान भयानक गलत थियो। परमेश्वरको निम्ति उहाँको धर्मको रक्षाको गर्दै उहाँलाई सघाइरहेको भन्दा त उहाँको खिलाफमा पो गइरहेको रहेछ ! आतङ्ककारी, अहंकारी, अतिवादी, जङ्गली जोशले भरिएको फरिसी पण्डित सावल अब डमस्कसको द्वारमा येरुसलेमको सावल भन्दा भिन्नै भएर पसेको थियो। आदरणीय यहूदी पण्डित भएर त्यस क्षेत्रमा खाइ पिइ रमाइलो गर्नुको सट्टा तिन दिन उनले प्रार्थना गरे र केहि नखाइ उपवास बसे। आफ्नो सबै चर्तिकलालाई खोतल्न उनलाई विशुद्ध हुन तिन दिन लागेको थियो।

जब खुँखार इसाई बिरोधी पावलको सामु जानु भनेर अननियासलाई परमेश्वरले निर्देशन दिनुभएको थियो, उनले के सोचे होलान्? हेर्नुहोस् प्रेरित ९:१०-१४। के रे? इसाईहरूलाई तहस नहस पार्ने सावल आफैं इसाई भयो रे? फेरि गैर-यहूदीहरूको बिचमा सुसमाचार फैलाउन सावललाई पावलको नामङ्करण गरि येशूले उनलाई नियुक्ती गर्नुभयो रे (प्रेरित २६:१६-१८)। यो त मानिसको दिमागले बुझ्ननै नसक्ने गरेर भएको घट्ना थियो। अननियास रनभुल्लमा पर्नु स्वभाविकै थियो। येरुशलेमको चर्चले यो कुरालाई ग्रहण गर्न त अझ झन मुश्किल भएको थियो। येशूको परमभक्त हुन् भनेर इसाईहरूको दायरामा उनलाई पार्न तिन वर्ष लाग्यो (प्रेरित ९:२६-३०)। यस्तो परिवेशमा डमस्कसका विश्वासीहरूले केहि दिन भित्रै मात्र सावललाई ग्रहण गर्न कस्तो अपठ्यारो भयो होला? फेरि तिनीहरूको मनमा कस्तो अनगिन्ति प्रश्नहरूको ओइरो लागे होलान्? फेरि यो पनि सम्झनुहोस्, अननियासलाई टारससको सावलको बारेमा अपेक्षा नै नगरिएको अचम्मको सन्देश परमेश्वरले उनलाई दर्शनद्वारा दिनुभएको थियो।

येशूका यहूदी विश्वासहरूको परम सत्रु अव तिनीहरू मध्ये एक हुन पुगेका थिए।

येरुशलेमको धर्मशभाको बडा गुरूज्युको हातले सहि गरेको इसाईहरूको आधिकारिक मृत्युपत्र लिएर सावल डमस्कस जाँदै थियो (प्रेरित २६:१२)। तर सावलको निम्ति परमेश्वरको निर्देशन अर्कै थियो। त्यो संसारको कुनै पनि आधिकारीक व्यक्तिको भन्दा महान् थियो। येशूको सुसमाचार यहूदीहरूमा मात्र सिमित नराखी अव गैर-यहूदी जगतमा लाने जिम्मा सावललाई दिइएको थियो। यो सन्देश त अननियास र यहूदी इसाईहरूको निम्ति झन अचाक्लि नै भएको थियो। सावलको धर्म परिवर्तनको प्रक्रिया भन्दा अन्य जातीलाई पनि येशूको समाचार सुनाउने भन्ने समाचारले सबैलाई स्तव्ध पारेको हुनुपर्दछ। यो समाचार यहूदी इसाईहरूको निम्ति सनसनीपूर्ण र अमान्य थियो भन्दा अत्युक्ति नहोला।

इसाई आस्था फैलाउनुबाट रोक्नको निम्ति सावलले भरमग्दुर प्रयास गरेको थियो। अब यहूदी विश्वासीहरूले कल्पना नै नगरिएको विश्वभरी समाचार सुनाउने जिम्मा परमेश्वरले पावललाई दिनुभएको थियो। सुसमाचारको घेरा यहूदीहरूबाट पावलद्वारा परमेश्वरले तोड्नुभएको थियो।

अरू मानिसहरूको आत्मिक अनुभवलाई हामीले कस्तो सतर्कता अपनाएर हेर्नुपर्दो रहेछ भनेर देहायका पदहरूले कसरी देखाउँदछन्: १ सामूयल १६:७, मत्ती ७:१, १ कोरन्थी ४:५? येशूलाई विश्वास गरेको अरूको अनुभवमा तपाईंको मुल्याङ्कन कस्तो थियो? के तपाईंले पनि त्यसमा गल्ती गर्नुभएको थियो? र के ती गल्तीहरूबाट तपाईंले सिक्नुभएको छ?

## ४. गैर-यहूदीहरूको प्रथम् चर्च

(यहूदीहरूले अरू जाति वा विदेशीहरूलाई अन्य जाती वा अछुत जाति ठान्दथे ( हिन्दु व्यवस्थाका प्रवर्धक मनुले आफ्नो पुस्तक मनुस्मृत्तिमा त्यस्तो मानिसहरूलाई म्लेच्छ भनेर कहलाइन्छ)। तर येशूले मानिसले उत्पादन गरेको जातिप्रथालाई आफ्नो रगतद्वारा उन्मुलन गर्नुभएको थियो (गलाती ३:२८)। गैर-यहूदीले येशूको सुसमाचारलाई ग्रहण गरेर एउटै परमेश्वरको राज्यमा बस्नु भनेको अतिबादी यहूदीहरूको

निम्ति असह्य थियो।-अनुवादकको टिप्पणी) तर पहिलो गैर-यहूदी चर्च कहाँ स्थापना भएको थियो? कुन् अवस्थाले गर्दा बिश्वासीहरू बिदेशमा पलायन हुनपुगेका थिए? हेर्नुहोस्ः प्रेरित ११ः१९-२१,२६। पुरानो करारको समयमा पनि परमेश्वरका जनहरूले त्यहि अवस्था व्यहोर्नु परेको थियो। हेर्नुहोस् दानियल २।

स्टिफनको मृत्युपछि इसाईहरूलाई जतातते सतावत आएको थियो। ती आक्रमणलाई सहन नसिकी धेरै यहूदी इसाईहरू बिदेशमा भागभाग भएका थिए। धेरै ती यहूदी इसाई विश्वासीहरू तिन सय माइल उत्तरमा रहेको गैर-यहूदी शहर आन्टिओकमा भाग्न वाध्य भएका थिए। यो रोमी प्रान्त सिरियाको राजधानी थियो। यो प्रख्यात रोम र अलेक्जान्डर पछिको प्रमूख शहर थियो। आन्टिओकमा त्यस ताका करिब पाँच लाख मानिसहरूले बसोबास गरेका थिए। ती मानिसहरू अत्यन्त सिक्षित र सभ्य थिए। तिनीहरू रहन सहन र धर्मसंस्कारमा संवेदनशील थिए। यसले गर्दा प्रथम् गैर-यहूदीको चर्च स्थापना गर्न आन्टिओक शहर अत्यन्त अनुकूल भएको थियो। विश्वव्यापी रूपमा प्रारम्भिक चर्चको प्रचार गर्ने योजना यहिँबाट सुरु भएको थियो।

आन्टिओकमा के भयो जसले गर्दा त्यहाँ बर्णाबास जानुपरेको थियो र उनको कामलाई सघाउन उनले पावललाई आमन्त्रण गरेका थिए? प्रेरित ११ः२०-२६ अनुसार त्यहाँ भएको चर्चको चित्रण कस्तो थियो?

पावलको जीवन कहानीको इतिहास बनाउनु त्यस्तो सजिलो छैन। तर उनको धर्म परिवर्तन पछि येरुशलेममा प्रवेश गरेको र आन्टिओकमा बर्णाबासले कामको निम्ति आमन्त्रण गरेको बिचमा कमसेकम पाँच वर्ष भइसकेको देखिन्छ (प्रेरित ९ः२६-३०)। तर ती पाँच वर्षसम्म पावलले के गरिरहेको थियो? त्यसको जानकारी पाउन मुश्किल छ। तर गलाती १ः२१मा उल्लेख गरेको अनुसार पावलले सिरिया र सिसिलियामा सुसमाचार प्रचार गरिरहेको हुनुपर्दछ। ती वर्षहरूमा पावलले आफ्नो घर परिवारबाट सतावत सहनु परेको थियो र अन्तमा उनलाई घरबाट निकालीयो भनेर कसै कसैले तर्क गरेको पाउँछौं (फिलिप्पी ३ः८को आधारमा)। २ कोरन्थी ११ः२३-२८

अनुसार येशूलाई ग्रहण गरेको कारण उनले धेरै सतावहरू र पिडा पनि भोगिरहेका थिए।

आन्टिओक शहरका मानिसहरू चर्चमा समावेश हुन थालेका थिए। ती मानिसहरूको विभिन्न पृष्ठभूमी थियो। तिनीहरू विभिन्न जात जाती र संस्कारबाट आएर चर्चमा समावेश भएका थिए। बर्णाबास पश्चिमी मूलुक साइप्रस टापुबाट आएका थिए भने लुसियस साइरन भन्ने देशबाट, पावल सिलिसियाबाट भने सिमोन अफ्रिकाबाट आएको हुनुपर्दछ। त्यस चर्चमा भएका सबै गैर-यहूदी इसाईहरूको बारेमा सोच्नुहोस्। गैर-यहूदी शहर आन्टिओक परमेश्वरको सुसमाचार प्रचार गर्न सुरूको प्रमूख केन्द्र भएको थियो। सिरिया र इस्रायली देश भन्दा बाहिर अझ अरू गैर-यहूदी जातीहरूको बिचमा धर्म प्रचार गर्न त्यहिँ शहरबाट थालनी गर्न परमेश्वरको आत्माले अगुवाई गरिरहनुभएको पाइन्छ।

प्रेरित ११:१९-२६ फेरि पढ्नुहोस्। त्यस आन्टिओकमा रहेको चर्चबाट हामी के सिक्नसक्दछौं र त्यहाँका विश्वासीहरू कस्तो खालका थिए? वर्तमान चर्चहरू पनि आन्टिओकको चर्च जस्तै हुन के गर्नुपर्दछ?

## ५. समस्या नै समस्याहरूको भुमरीमा परेको प्रारम्भिक चर्च (प्रेरित १५:१-५)

कुनै पनि मानविय संरचनाहरू सिद्ध छैन भन्ने यथार्थतालाई हामीले मान्नै पर्छ। महिमित येशूको प्रेमले समेतेर स्थापना भएको नयाँ करारको चर्चमा गडबड हुन धेरै समय लागेको थिएन। विश्वासी समूदायको बिचमा अविश्वासले जरा गाढ्न थालेको थियो। चर्चमा गैर-यहूदीहरूले प्रवेश गर्दा सबै जना खुशी भएका थिएनन्। यो नै समस्याको पहिलो सुरूवात थियो। गैर-यहूदीहरूले पनि येशूको बारेमा थाहा पाउनुपर्छ भन्ने कुरामा असहमती भएको त होइन। तर गैर-यहूदीहरू चर्च मै आउन आमन्त्रण गर्दा समस्याको भुमरी खडा हुन थालेको थियो। कतिपय यहूदी-इसाईहरूले येशूलाई बिश्वास गर्दा मात्र मुक्ति पाइने होइन भनेर दावी गरेका थिए। गैर-यहूदीहरूले पनि खतना गर्नु पर्छ र मोसाको बिधि पालन गर्नुपर्छ भनेर धेरैले आवाज उठाएका थिए। सत्यवादी इसाई हुन गैर-यहूदीले पनि खतना नै गर्नुपर्छ भनेर

कतिपयले जोडदार माग गरेका थिए। (यहूदी-इसाई र गैर-यहूदीहरूको बिचमा भएको कचकच प्रेरित १०:१ देखि ११:१८मा दिएको ज्वलन्त उदाहरणले देखाउँदछ। यसमा पश्चिमी मूलका गोरा जाती कर्णेलियसलाई पत्रुसले सुसमाचार सुनाउँदा यहूदी-इसाईहरूको मनोस्थिति र प्रतिक्रिया कस्ता थिए भनेर वर्णन गरिएको छ।)

खतना नगरेको गोरा जाती रोमी सिपाहीँको हाकिम कर्णेलियसलाई पत्रुसले बप्तिस्मा दिए भन्दा ती यहूदी-इसाईहरूले घोर बिरोध गरेका थिए। गैर-यहूदी र यहूदी विश्वासीहरूको बिचमा कस्तो मत भिन्नता थियो भन्ने कुराको स्पष्ट उदाहरण त्यसले देखाउँदछ। अन्य जाती कर्णेलियस पनि तिनीहरूको साथमा एकै ठाउँमा मिलेर खानपिन गर्न आउँदा कतिपय यहूदी इसाईहरूले झर्को मानेका थिए। इसाई नभएका यहूदीहरू पनि गैर-यहूदीहरूलाई आफ्नो समाजमा भित्राउँदा येशूका चेलाहरूसँग क्रुद्ध भएका थिए। तर मुक्तिको निम्ति केवल येशूमाथिको विश्वासमात्र पर्याप्त छ भन्ने शिक्षालाई अगाडि सारेर पावलले गैर-यहूदीहरूको निम्ति चर्चको ढोका खोलेको थियो। पावलको त्यो उदारबादी नितिले गर्दा धेरै उग्रपन्थी यहूदीहरूले पावलको सेवाकार्यलाई अन्त गराउन निधो गरे।

यहूदाका केहि यहूदी इसाईहरू आन्टिओकमा आएर गैर-यहूदीहरूको बिचमा पावलले गरेको कामलाई कसरी नाश गर्न खोजेका थिए भनेर प्रेरित १५:१-५ले खुलासा गर्दछ, पढ्नुहोस्।

जब यहूदी इसाई र गैर-यहूदी इसाईहरूको बिचमा ठूलो बादबिवाद भएको थियो, त्यसबेला येशूको चेला याकूबको अध्यक्षतामा साधारण सभा बसेको थियो। यसलाई प्रख्यात येरुशलेम परिषद भनेर कहलाइन्छ। त्यसमा गैर-यहूदीले किन खतना गर्नुपर्दैन भन्ने पावलले अघि सारेको तर्कमा सबैको सहमत थियो। तर त्यसको बाबजूद पनि पावलको प्रचार काममा आफ्नै जातका विश्वासीहरूले कडा बिरोध गर्न छोडेको थिएन। सात वर्ष पछि जब पावलले येरुशलेममा अन्तिम यात्रा गरेका थिए त्यसबेला पनि धेरै यहूदीहरूले उनको काममा शङ्का र रिस पोखेका थिए। विषेश गरेर अतिवादी यहूदीहरूले पावलप्रति आक्रमक निति लिएका थिए। जब पावल मन्दिरमा पस्दै थियो त्यसबेला उसको झण्डै ज्यान खतरामा परेको थियो, किनभने एशियाका यहूदीहरू जम्मा भएर उनको खिलाफमा यसरी चिच्याउन थाले, “हे इस्रायलका जनहरू

हो, हामीलाई सहायता गर्नुहोस् ! यस मानिसले जताततै हाम्रो धर्मको बिरोधमा प्रचार गरिरहेको छ। हाम्रो पवित्र मन्दिर र हाम्रा संस्कार तथा बिधिबिधानहरूको खिलाफमा सबैलाई सिकाइरहेका छन्।" (प्रेरित २१:२८ रूपान्तरित, प्रेरित २१:२० पनि पढ्नुहोस्)।

यहूदी र यहूदी विश्वासीहरूको माझमा तपाईं एक छिन उभिनुहोस् र पावलको शिक्षाको बारेमा सोच्नुहोस्। ती मानिसहरूले गरेको बिद्रोह केहि हदमा किन नाजायज छैन? हामीले पनि गलत धारणाहरूलाई कुम्ल्याइ राख्दा तिनीहरूले हामीलाई बरालिन उक्साउँछन् भन्ने कुरालाई त्यस घट्नाले के सिकाउँदछ? असलै सोच गरेका छौं वा धर्मको रक्षा गर्ने नाउँमा त्यस्तो भूल नगर्न हामी कसरी जोगिने?

## उपसंहारः

थप जानकारीः चर्च र व्यक्तिगत रूपमा येशूप्रति विश्वास गर्ने सन्दर्भमा एलेन जी ह्वाइटद्वारा लिखित *टेस्टिमोनिज फर द चर्च*, ठेली ३को पृ. ४३०-४३४को "इन्डिभिड्युल इन्डिपेन्डेन्स" पढ्नुहोस्। साथै पावलको यात्रा र उनको धर्म परिवर्तनको बारेमा टिपणी देहायको टिकामा पढ्नुहोस्ः *द एसडिए बाइबल कमेन्टरी*, ठेली ६, पृ. २२६-२३४।

"यहूदी धर्मको कट्टर संरक्षक र येशूभक्तहरूलाई यातना दिन कहिलै नथाक्ने पावल, सुरूमा सावलको नाउँले प्रख्यात थिए। साहसिलो, स्वतन्त्र र दृढ व्यक्तित्व भएका पावल कुनै पनि काम गर्न योग्य थिए। उनको दक्षता र तालिमले गर्दा जुनसुकै पदमा पनि उनी आसिन हुनसक्थ्ये। आफ्नो सोचबिचार ठिक छ भनेर बुझाउन स्पष्ट तर्कहरू प्रस्तुत गर्ने खुबी उनमा थियो। उनको तिखो तथा निर्णायक वचनहरूले गर्दा कुनै पनि बिरोधीहरूलाई लाजमा पार्न सक्थ्ये। अब ती यहूदीहरूले त्यस तिक्ष्ण बुद्धि भएको युवक ती मानिसहरूसँग मिल्न गएको देखे जसको बिरुद्धमा उनको पहिला आक्रमक निति थियो। निडर भएर उनले येशूको नाउँ प्रचार गरेको पनि ती अतिवादी यहूदीहरूले देखे।

"जब कुनै पनि सेनापती युद्धमा मारिन्छ तब सेनाहरूको निम्ति त्यो ठूलो हार भएको हुन्छ। तर त्यो सेनापती मरेको थाहा पायो भन्दैमा शत्रुहरूले थप शक्ति पाउँदैन। तर कुनै तिक्ष्ण बुद्धि भएको

मानिस बिपक्ष फौजमा सामेल हुन जान्छ भने पहिलेको फौजले उसको सेवालाई गुमाउँदछ। र आफू सामेल भएको फौजले उसको ठूलो फायदा उठाएको हुन्छ। डमस्कसको बाटोमा आफ्ना भक्तजनहरूको हत्या गर्न गइरहेको टार्ससको सावललाई परमेश्वरले उत्तिनै खेर चटयाङ्गले हिर्काएर मार्न सक्नुहुन्थ्यो। तर यसो गर्दा उनमा भएको शक्ति, प्रतिभा र दक्षता हराउँथ्यो। तर बुद्धिमान परमेश्वरले सावलको ज्यान बचाउनुभयो र उनलाई परिवर्तन गरियो। यसरी शत्रुको नाइकेलाई येशूको शिविरमा परमेश्वरले सामेल गराउनुभयो। साहसिलो र प्रखर वक्ताले निपुण भएको पावल जस्तो व्यक्तित्व प्रारम्भिक चर्चको निम्ति अत्यन्त खाँचो थियो।"-एलेन जी ह्वाइट, *द आक्टस् अभ दि आपोस्टलस्,* पृ. १२४बाट रूपान्तरित।

**चिन्तनमननः**

क. पावलको सवभन्दा कडा बिरोधीहरू ती यहूदीहरू थिए जसले येशूलाई विश्वास गर्दथे। यसबाट हामीले के पाठ सिक्नसक्दछौं?

ख. आफूले पाएको धार्मिक ज्ञान तथा शिक्षादिक्षाको निम्ति उभिन तयार त हुने तर त्यसैबखत परमेश्वरको खिलाफमा लडिरहेको छैन भनेर तपाईं कसरी निश्चित हुने?

**सारांशः** डमस्कसको बाटोमा जीवित येशूसँग पावलको जम्का भेट भएकै कारणले उनको जीवनमा आमूल परिवर्तन भएको थियो। यसले गर्दा प्रारम्भिक चर्चको इतिहासले पनि फड्को मार्ने अवसर पाएको थियो। विश्वासीहरूलाई आतङ्कित बनाउने सावललाई परमेश्वरले परिवर्तन गरि गैर-यहूदीहरू तथा अन्य जातीहरूको बिचमा सुसमाचार सुनाउने प्रेरित नियुक्त गर्नुभएको थियो। पुरानो करारको रितिथितिको आधारमा होइन तर केवल येशूमाथिको बिश्वासको आधारमा देशीविदेशी, यहूदी, गैर-यहूदी सबै जना चर्चमा भित्राउनु पर्छ भनेर पावलले जोडदार प्रचार गरे। त्यस ताकाका कतिपय विश्वासीहरूलाई पावलको यो प्रचारलाई स्विकार्न मुश्किल भएको थियो। परमेश्वरको अगुवाईमा होइन तर आफ्नै तर्कमा ढिप्पी गरेर हिँड्यो भने परमेश्वरको वचन प्रचार गर्ने लक्ष्यलाई कसरी नाश गर्न सकिन्छ भन्ने ज्वलन्त उदाहरण त्यस ताकाका केहि यहूदी इसाईहरूको चर्तिकलाले देखाउँदछ।